# ल्याक्चेकुण्ड समूह यसरी सशक्त हुंदै

## परिचय

धादिङ जिल्ला खनियाबास गाउँपालिका वडा नं. ३ मा अवस्थित कुरी गाउँका स्थानीयहरूको जीविकोपार्जनको मुख्य स्रोत खेतीपाती हो। अझै पनि परम्परागत खेती प्रणाली अपनाउदै आएका यहाँका कृषकहरूले वि.सं. २०७७ (सन् २०२०) मा २३ जना महिलासहित ३१ सदस्यीय **"ल्याक्चेकुण्ड कृषि तथा पशुपालन समूह"** को स्थापना गरेका थिए। समूहमा काम गर्ने प्रणालीको लहरसँगै कृषि क्षेत्रको विकास गर्ने उद्देश्य अनुरुप यो समूहको गठन भएपनि यसले आशा गरे अनुरुप काम गर्न सकेको थिएन्। समूहका अध्यक्ष राजु तामाङको भनाइ अनुसार उपयुक्त नेतृत्व तथा सही परामर्श दिने निकाय तथा व्यक्तिको अभावका कारण समूह कृषि विकास कार्यमा अग्रसर हुन नसकेको र केवल मासिक बचत संकलनमा मात्र सिमित रहन गएको भनाइ छ।

## लान प्लस परियोजनासँगको सहकार्य

लान प्लस परियोजना सन् २०२१ देखि यो गाँउमा सञ्चालनमा आए पछि परियोजनाले यस समूहसँग सहकार्य गर्न छनौट गरेको हो। समूह सक्रिय नभए पनि नयाँ गठन गर्नु भन्दा लक्षित बर्ग मिलेमा पहिलै भएको समूहसँग कार्य गर्ने निर्णय अनुरुप लान प्लस परियोजनाले आफ्नो कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि सहभागितात्मक सिकाई तथा कार्यका कक्षाहरू यस समूहमा संचालन गर्न थाल्यो। यी सहभागितात्मक पाठशालाका विस्तारै सकारात्मक परिवर्तनहरु देखिन सुरु भएका छन्।



समूहमा कृषक पाठशाला संचालन

## सकरात्मक परिवर्तनहरू

बिएमजेड र डब्लुएचएचसँगको आर्थिक साझेदारीमा जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली–बर्ड) ले ल्याक्चेकुण्ड कृषि तथा पशुपालन समूहमा प्रत्येक महिना कृषिसँग सम्बन्धित सहभागितामूलक सिकाइ तथा कार्य पाठशाला सञ्चालनमा ल्याइरहेको छ। उक्त पाठशाला मार्फत यस समूहका सदस्यहरूले दिगो एकीकृत नमुना कृषि, झोलमोल, नर्सरी व्यवस्थापन जस्ता कुराहरू सिकेर व्यवहारमा उतारी रहेको कुरा यस समूहका अध्यक्ष राजु बहादुर तामाङले बताएका छन्। समूहले सक्रिय रुपमा अगाडि बढेर पालिका हुदै जिल्ला स्तरमा समेत समूह दर्ता प्रकृया पुरा गरेको छ। दर्ता प्रकृया सँगसँगै खनियाबाँस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को कृषि बजेटबाट अनुदान स्वरुप एउटा हाते ट्याक्टर, च्याफ कटर र विभिन्न जातका बीउबिजनहरू जस्तै रायो, बन्दा, काउली, धनिया, गाजर, मुला आदि प्राप्त गरेका छन्। अहिले कृषि सम्बन्धि रेडियो कार्यक्रमहरू सुन्न, टेलिभिजनमा हेर्न, बुझ्न र पालिकामा कृषि सम्बन्धि कार्यक्रमहरू माग गर्न चासो गरेका कुराहरू यस समूहका कृषकहरूले बताएका छन्। कृषक पाठशाला अनुसार व्यवहारमा परिवर्तन गरेर आफैले उत्पादन गरेकाले पहिलाको तुलनामा ३० देखि ४० प्रतिशतले तरकारी किन्ने मात्रा घटेको कुरा समूहका सदस्यहरूले बताएका छन्। समूह सक्रिय रुपमा सञ्चालन हुन थाले पछि यसै वर्ष थप २५ जना सदस्यहरू समूहमा आवद्ध भएको कुरा अध्यक्षले बताएका छन्। यस समूहले नियमित रुपमा "आफ्नो गाउँ आफै बनाऔ" भन्ने नाराका साथ सरसफाईका कार्यक्रमहरू पनि गर्ने गरेको कुरा समूहका सदस्यहरू बताउछन्।



समूहद्वारा गाउँ सरसफाई अभियान

यसरी ल्याक्चेकुण्ड कृषि तथा पशुपालन समूहले कृषक पाठशाला संचालन मार्फत स्थानिय कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गर्न तथा कृषिसँग सम्बन्धित समसामयिक विषयवस्तुहरूमा छलफल गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यसरी सकारात्मक परिवर्तत निरन्तर भई रहेमा यो समूह नमुना कृषि समूहको रुपमा बढने निश्चित छ। समूह दिगो रुपमा सफल हुन कुशल नेतृत्व, सदस्यहरूको सक्रिय सहभागिताका साथै स्थानीय सरकार तथा सरोकार वालाहरूसँगको समन्वय तथा सहकार्यले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

थप जानकारीका लागि
जैविक विविधता, अनुसन्धान तथा विकासका लावग स्थानीय पहल (ली-बर्ड)
पोष्ट बक्स नं.: ३२४, पोखरा, कास्की, गण्डकी, नेपाल
फोन नं.: ०६१ ५८५३५७, ५७६८३४
ईमेल : info@libird.org | वेबसाइट : www.libird.org
www.lannnepal.org

# बीउ संरक्षण दिगो कृषिको एक पूर्वाधार

**नेपालमा प्रचलित एक भनाई "राम्रो उत्पादनका लागि जमिन, मल, जल र बल" को आवश्यकता पर्दछ ।**



चालिस, रुविभ्यालीकी हरिमाया गुरुङले बीउ बनाउन राखेको स्थानीय रायो ।



कुरी ३ खनियाबासकी ठुलिमाया तामाङ लान प्लस परियोजनाबाट पाएका मध्येको तरकारीको बीउ आउने वर्षको लागि संरक्षण गरेको यसरी प्रदर्शन गर्नु हुन्छ । स्थानीय जातको रायो सहित, परियोजनाबाट पाएका स्वीसचार्ड, चौमासे सिमि र चम्सुर रहेका थिए ।

सत्यदेवी ५ खनियाबासकी लालमाया गुरुङ आफ्ना र छिमेकीको लागि भनेर संरक्षण गरेको तरकारीको बीउ भ्रमण टोलीलाई देखाउँदै ।





आफुले संरक्षण गरेको तरकारीको बीउ देखाउन पाउँदा खुसी छिन् चालिस निवासी प्रतिमा विश्वकर्मा



सेर्तुङ रुविभ्यालीकी सुमिता तामाङ आफुले संरक्षण गरेको तरकारीको बीउ देखाउँदै भन्छिन "अरु धेरै प्रकारका बाली घरबगैंचामा लगाई सकेकी छु ।"

**प्रचलित उखान "हुलमुलमा जीउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु"**
**भने जस्तै कृषकलाई बीउ संरक्षणमा सबैले अझै प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।**

थप जानकारीका लागि
जैविक विविधता, अनुसन्धान तथा विकासका लावग स्थानीय पहल (ली-बर्ड)
पोष्ट बक्स नं.: ३२४, पोखरा, कास्की, गण्डकी, नेपाल
फोन नं.: ०६१ ५८५३५७, ५७६८३४
ईमेल : info@libird.org | वेबसाइट : www.libird.org
www.lannnepal.org